दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २०० | बुटवल | २०८२ असार ३२ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday July. 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# भारतले निर्यात रोकेपछि स्टिलजन्य उद्योग समस्यामा

**नेपाल सरकारले जतिसक्दो छिटो भारत सरकारसँग कुटनीतिक पहल गरेर निर्यात खोल्नुपर्ने उद्योगीको माग छ।**



**टिआर शर्मा**
*बुटवल*

भारतले विना जानकारी एक्कासी निर्यात रोकिदिएपछि भैरहवाको विशेष आर्थिक क्षेत्र (सेज)का स्टिलजन्य उद्योग समस्यामा परेका छन् । सेजमा रहेका विस्तार ग्लोबल र पञ्चकन्या समूहका दुई उद्योगका उत्पादन एक महिनादेखि निर्यात हुन सकेको छैन । विस्तार ग्लोबलले स्टिलका भाँडा वर्तन उत्पादन गर्छ भने पञ्चकन्याले स्टिलको पानी ट्यांकी उत्पादन गर्छ ।

विस्तारको उत्पादनको ९० देखि ९५ प्रतिशत हिस्सा भारत निर्यात हुने गरेको थियो । यो उद्योगले गत वर्ष ७२ करोड बढीको भाँडा भारत निर्यात गरेको थियो ।

विना जानकारी निर्यात रोकिएपछि अन्योलतासंगै उद्योगलाई ठूलो नोक्सानी हुन पुगेको विस्तार ग्लोबलका लेखा अधिकृत अरविन्द त्रिपाठीले बताए । 'भारत निर्यात गर्ने भनेरै सेजमा उद्योग खुलेको हो,६ वर्षदेखि नियमितरुपमा निर्यात गर्दै आएका थियौं, तर एक्कासी विना जानकारी रोकिदिएपछि अन्योलता र चिन्ता छाएको छ,' त्रिपाठीले भने-'निर्यात गर्न नपाएपछि चीनबाट आएको १४ कन्टेनर कच्चा पदार्थ बिरगन्ज र कोलकता बन्दरगाहमा रोकिएको छ, यसले गर्दा ठूलो आर्थिक नोक्सानी भएको छ।'

एउटा कन्टेनरको कच्चा पदार्थको मूल्य ४२ लाख बढी पर्ने त्रिपाठीले बताए । निर्यात ठप्प भएपछि उद्योगको उत्पादन पनि बन्द हुँदा करिब ८ सय मेट्रिक टन कच्चा पदार्थ उद्योगमा थन्किएको छ । चीनबाट कच्चा पदार्थ ल्याएको कारण भारतले निर्यात रोकिदिएको उद्योगीहरुको आशंका छ । भारतमा स्टिलजन्य उत्पादन निर्यात गर्ने प्रणाली 'स्टिल इम्पोर्ट म्यानेजमेन्ट सिस्टम' (सिम्स) मा अरु मुलुकको नाम भए पनि नेपालको मात्र नाम हटाइएको कारण निर्यातका लागि सिम्समा फाराम भर्न नै नमिलेको त्रिपाठीले बताए ।

निर्यात रोकिएपछि करिब चार सय कामदारहरुलाई उद्योगले विदामा बस्न भनेको छ । 'अहिले ४० जना कामदारलाई मात्र काममा बोलाएका छौं, अरु कामदारको रोजगारी गुम्दा उनीहरुको परिवारको रोजीरोटीमा समेत असर गरेको छ।'

पञ्चकन्या समूहको उद्योगबाट २७ प्रतिशत उत्पादन भारत निर्यात हुने गरेको थियो । निर्यात रोकिएपछि उद्योगले उत्पादन बन्द गरिसकेको छ ।

सेजका उद्योगहरुले कम्तीमा ३० प्रतिशत उत्पादन निर्यात गर्नुपर्ने नियम रहेकोमा भारतमा निर्यात रोकिएपछि पञ्चकन्याले स्थानीय बजारमा विक्रि गर्न नपाउने भएको छ ।

'तत्काल निर्यात नखुल्ने हो भने हामीले सेजबाट उद्योग हटाउनुको विकल्प छैन,' पञ्चकन्याका महाप्रबन्धक देवेन्द्र साहूले भने-'सरकारले सेजमा नयाँ उद्योगलाई मात्रै प्रोत्साहन गर्ने तर केही वर्ष पुराना उद्योगलाई टिकाउने गरी ऐन नियम संशोधन नगर्ने हो भने धेरै उद्योग सेजबाट विस्थापित हुने अवस्था आउँछ ।'

हाल भारतीय पक्षले चीनबाट आयात हुने कच्चा पदार्थमा ब्यूरो अफ इण्डियन स्ट्यार्ण्डर्स (बीआइएस) प्रमाणपत्र नभएको कारण देखाउँदै सिम्सबाट नेपाललाई हटाएको नेपाली उद्योगीहरुको अनुमान छ ।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले चीनबाट कच्चा पदार्थ ल्याएर सामान बनाई आफ्नो देशमा बिक्री गरेको हुँदा भारतले रोकेको बताए ।

निर्यात खुलाउन संघले नेपाल उद्योग बाणिज्य महासंघलाई समस्याबारे जानकारी गराएको र महासंघले प्रधानमन्त्रीलाई ज्ञापनपत्र पनि दिइसकेको बताए । निर्यात खुलाउन नेपाल सरकारले भारत सरकारसंग तत्काल कुटनीतिक पहल गर्नुपर्ने अध्यक्ष आचार्यले बताए ।

छिटो निर्यात नखुले निर्यातमूलक स्टिल उद्योगीहरुलाई ठूलो आर्थिक क्षति हुने र सयौं मजदुरको रोजगारी गुम्ने उनले बताए ।

यसअघि पनि भारतले विभिन्न कारण देखाउँदै कहिले प्लाइ उड, कहिले अदुवा त कहिले अरु वस्तुको निर्यातमा अवरोध गर्दै आइरहेको छ ।

## घुस प्रकरणमा मन्त्री गुप्ताले दिए राजीनामा



बुटवल । घुस 'डिल' अडिओ प्रकरणमा मुछिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिएका छन् ।

उक्त प्रकरणबारे प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा गर्न निर्देशन दिएपछि मन्त्री गुप्ताले राजीनामा दिएका हुन् । मन्त्री गुप्ता एमालेबाट मन्त्री नियुक्त भएका हुन् ।

उक्त अडिओको वास्तविकता अनुसन्धानका लागि फरेन्सिक ल्यावमा परीक्षणका लागि पठाइसकिएको छ । साथै, यो प्रकरणको निष्पक्ष छानबिन र अनुसन्धानका लागि अख्तियारलगायत राज्यका नियामक निकायलाई पत्राचार गरिने छ ।

केही दिनअघि मात्र भूमि आयोग कास्कीको अध्यक्ष नियुक्ति साथै कर्मचारीको सरुवाका लागि भन्दै बिचौलिया र मन्त्री गुप्ताबिच ७८ लाख घुस डिलको अडिओ सार्वजनिक भएको थियो ।

यस विषयमा छानबिन र मन्त्री बर्खास्तीका लागि चौतर्फी दबाब भइरहेको छ । यस घटनामा नेकपा एमालेकै भूमि सुधार तथा सहकारी मन्त्री बलराम अधिकारी र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रन्जिता श्रेष्ठको नाम पनि मुछिएको छ ।

## पहिरोमा पुरिएर दम्पतिको मृत्यु

अर्घाखाँची । अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१० धनचौर तल्लोपाकुमा पहिरोले पुरिएर एक दम्पतीको मृत्यु भएको छ ।

मंगलबार बिहान करिब ९ बजेतिर घाँस काट्न र चिउरी टिप्न गएका स्थानीय ६६ वर्षीय गोबिन्द बुढामगर र उनकी श्रीमती श्यामकला बुढामगरको पहिरोले पुरिएर ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) चक्रबहादुर मल्लले जानकारी दिए ।

दुवै जना रोजा तुसारेपानीस्थित आफ्नै खर्यानतर्फ गएकामा समयमै घर नफर्किएपछि खोजीका लागि परिवारले प्रहरीलाई खबर गरेका थिए । स्थानीयको सहयोगमा खोजतलास गर्ने क्रममा सुक्खा पहिरोले पुरिएको अवस्थामा फेला परेका डीएसपी मल्लले बताए ।

ढुङ्गा लागेर शरीरका विभिन्न भागमा गम्भीर चोट लागेका कारण घटनास्थलमै दुवैजनाको मृत्यु भएको पाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक झलकप्रसाद शर्माको भनाइ छ ।

## रूपन्देहीको पर्यटन विकासमा भूमिका बढाउँदै व्यापार संघ




**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देही व्यापार संघले रुपन्देहीको पर्यटन विकासका लागि आफ्नो भूमिका बढाउन थालेको छ ।

संघले पर्यटन क्षेत्रको विकासले समग्र व्यवसाय प्रवर्द्धनमा सघाउ पुग्ने भएकाले पर्यटनको योजनाबद्ध दिगो विकास जरुरी रहेको निश्कर्षसहित चरणवद्ध कार्यक्रमहरु गर्ने भएको छ । त्यसको शुरुवात स्वरुप लुम्बिनी केवलकारको माथिल्लो स्टेसन बसन्तपुरमा संघले पर्यटन प्रवर्धन विषयमा अन्तरक्रिया गरेको छ।

अन्तरक्रियामा बोल्ने वक्ताहरुले पर्यटन बहुआयामिक र विशाल उद्योग भएको औंल्याउँदै पर्यटनका सम्भावना पहिचान गरी आर्थिक समृद्धिसँग जोडेर लैजानुपर्ने धारणा राखेका छन् । बुटवललाई पर्यटकीय विश्राम स्थल बनाउन सकिने भएकाले पर्यटक आकर्षित गर्न र उनीहरुलाई सन्तुष्ट बनाउने उपायहरु खोज्नुपर्ने उनीहरुको सुझाव छ ।

कार्यक्रममा निजी क्षेत्रको साझेदारितामा पर्यटनको विकास र प्रवर्द्धन गर्नु जरुरी रहेको बताउँदै कला, संस्कृति, रहनसहन, प्राकृतिक सम्पदा, ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिक क्षेत्रबाट रुपन्देहीको पर्यटन प्रवर्द्धन गर्ने योजना बनाउनुपर्नेमा जोड दिइएको छ। पाहुनालाई अर्गानिक खाना, नास्ता, फलफूल, गुणस्तरीय र सर्वसुलभ दरमा उपलब्ध गराउने, आत्मीय आतिथ्य सत्कार गरी खुशी बनाइ बसाई लम्ब्याउन सक्नुपर्ने वक्ताहरुको सुझाव थियो ।

कार्यक्रममा बोल्दै रुपन्देही व्यापार संघका संस्थापक अध्यक्ष मोतीराज ज्ञवालीले यस क्षेत्रका पर्यटकिय पहिचानलाई उजागर गर्दै पर्यटन प्रवर्द्धनमा ब्यापार संघले अगुवाइ गर्न सक्ने बताए ।

मणिमुकुन्द सेन उद्यान संरक्षण समिति(फुलवारी) का अध्यक्ष माधव नेपालले पर्यटन क्षेत्रबाट लामो सयमसम्म प्रतिफल लिन सकिने हुंदा त्यसको विकासका लागि योजना बनाएर काम गर्नुपर्ने बताए ।

संघका अध्यक्ष दीपक अधिकारीले ब्यापार संघले अब व्यवसायिक हक हितसँगै रुपन्देहीको पर्यटन, कृषि र उद्योगको विकासमा पनि नेतृत्वदायी भूमिका खेल्ने बताए ।

संघले हालै मात्र सामाजिक उत्तरदायित्व अन्तर्गत लुम्बिनी प्रादेशिक अस्पतालमा एक करोड ५८ लाख लगानी गरी ब्लड बैंक सञ्चालनमा ल्याएको उल्लेख गर्दै अब क्रमशः पर्यटन र कृषि क्षेत्रको विकासमा पनि नेतृत्वदायी भूमिकामा रहेर काम गर्ने बताए ।

कार्यक्रममा रुपन्देही व्यापार संघका पूर्व अध्यक्षहरु मोतिलाल पाण्डे, पदमप्रसाद श्रेष्ठ, यमलाल लोहनी, संघका सल्लाहकार परिषद्का संयोजक तेजप्रसाद सुनार, आजिवन सदस्य परिषद्का संयोजक होमराज बस्याल, सल्लाहाकारहरु वजिर शाह, रणबहादुर खनाल, तुल्सीराम बञ्जाडे, आनन्द प्रसाद रेग्मी, जोगलाल विक, सूर्यबहादुर भट्टराई, बैकुण्ठ कोइराला, संघका प्रथम उपाध्यक्ष दयानीधि भण्डारी, द्वितीय उपाध्यक्ष प्रेमनाथ पाण्डे,वरिष्ठ उपाध्यक्ष प्रकाश ढकाल, महासचिव फर्सुराम पन्थ, लुम्बिनी केबलकारका मिडिया संयोजक टिआर शर्मा,संघका प्रमुख कार्यकारी अधिकृत सरोज पोखरेललगायतले बसन्तपुर र नुवाकोटका हिल स्टेशन र केबलकारमा भारतीय पर्यटकलाई आकर्षित गर्न एकीकृत पहल गर्नुपर्ने बताए । भारत उत्तर प्रदेशका २४ करोड जनसंख्या मध्ये हरेक वर्ष ५ प्रतिशत मात्र रुपन्देही ल्याउन सके त्यसबाट यहांको पर्यटन र समग्र व्यवसाय चलायमान हुने उनीहरुको सुझाव थियो ।



# सम्पादकीय

## प्रहरी अनुसन्धानलाई सघाऔँ

आर्थिक लेनदेन गरी नक्कली कागजात तयार गरी विभिन्न संस्थाहरुले भिजिट भिसामा केही व्यक्तिहरुलाई स्पेन पुऱ्याएको विषय छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका एसएसपीको नेतृत्वमा टोली गठन गरिएको छ। दुवई भिजिट भिसा प्रकरण सेलाउन नपाउँदै स्पेनको विषयले सदनदेखि सडकसम्म चर्को रूप लिएपछि छानबिनका लागिप्रहरी टोली गठन गरिनु सकारात्मक छ।

प्रधानमन्त्री केपी ओली राष्ट्र संघीय एउटा कार्यक्रममा भाग लिन असार १४ गते स्पेन पुगे। उनी त्यहाँबाट असार २० गते स्वदेश फके । प्रधानमन्त्री स्वदेश नआइपुग्दै उनीसगैं भिजिट भिसामा स्पेन पुगेको समाचारहरु आए। ती समाचार सत्य र तथ्य भन्दा अतिरञ्जित र अर्नगल थिए भन्ने प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिले पुष्टि गरेको छ। प्रधानमन्त्रीको टोलीमा स्पेन पुगेका १९ जना नै स्वेदश आइपुगेको र पहिले त्यहाँ पुगेका खानेपानीमन्त्री प्रदीप यादव सहित तीन सहित २२ जना आएको सार्वजनिक भइसकेको छ। प्रधानमन्त्री कार्यालयको विज्ञप्तिलाई खण्डन गर्ने कुनै आधार छैन्। प्रधानमन्त्री गएको कार्यक्रममा सहभागी गराउने गरी कागजात तयार गरी अन्य कतिपय व्यक्तिलाई स्पेन पुऱ्याइएको तर त्यो कार्यक्रममा सहभागी नभएको विषय सार्वजनिक भएको छ, यो विषयको गंभीर छानबिन गर्न आवश्यक किन पनि छ भने प्रधानमन्त्रीले नै स्पेन लगेर छाडेको भैं प्रचार गरिएको छ, संसदमा कतिपय सांसदले प्रधानमन्त्रीलाई लान्छनायुक्त धारणा राख्दा देशकै साख गिर्छ भन्ने हेक्का राखेनन्। प्रधानमन्त्री केपी ओली एउटा व्यक्ति नै देशको प्रधानमन्त्री भएकाले उनीसँग जोडिने विषय देशको प्रतिष्ठा र साखसँग जोडिने विषय हो। स्पेन भिजिट भिसा प्रकरणमा प्रधानमन्त्रीलाई घुमाईफिराई जोडेर देशलाई नै बदनाम गर्न खोजिएकोले पनि प्रहरी अनुसन्धानले केस्रा केस्रा केलाउनुपर्छ।

स्पेन भिजिट भिसा प्रकरणले धेरै विषय बाहिर ल्याउन सक्छ। अहिले तत्काल स्पेन पुगेका व्यक्ति र त्यहाँ पुऱ्याउने गैरसरकारी संस्थाबारे तथ्य पत्ता लाग्न सक्छ। त्यसैगरी यस अघि पनि भिजिट भिसामा युरोपका विभिन्न मुलुक पुऱ्याइने गरेको भन्ने विषय बारे पनि सत्य तथ्य प्रहरीले थाहा पाउन सक्छ।

प्रहरी अनुसन्धानले नक्कली भुटानी शरणार्थी प्रकरणको सफल अनुसन्धान गर्न सफल भयो। भिजिट भिसा प्रकरणले देशकै बदनामी भइरहेकोले यसको जालो तोड्ने अवसर हो।

नेपालको अध्यागमन प्रणालीको त्रुटि र कर्मचारीको बदनियतले समस्याको चाङ बढिरहेको बेला त्यसलाई व्यापक सुधारको जति खाँचो छ, नागरिकलाई विभिन्न बहानामा विदेश पुऱ्याउने सञ्जाल तोड्न सक्दा संगठित अपराजको जालो तोडिन सक्छ। प्रहरी अनुसन्धानलाई सघाएर सत्य तथ्य बाहिर ल्याउन र दोषीलाई कारबाहीको दायरामा ल्याउन सघाउनुपर्छ।

## नेप्से परिसूचक ३४ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३४ दशमलव ४६ अङ्कले बढेर दुई हजार ७६० दशमलव १७ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव २६ प्रतिशतको वृद्धि हो।

३१७ कम्पनीको दुई करोड ६५ लाख १७ हजार २०९ कित्ता शेयर ७४ हजार ५७ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ४१ करोड ९१ लाख ६५ हजार ८०७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। बैंकिङ एक दशमलव ८१, विकास बैङ्क एक दशमलव २२, वित्त एक दशमलव ७९, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव ०८ र जीवन बिमा शून्य दशमलव ६८ प्रतिशतले बढेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८८, लघुवित्त एक दशमलव २८, निर्जीवन बिमा शून्य दशमलव ७६, व्यापार शून्य दशमलव ८५ र अन्य समूह शून्य दशमलव ५२ प्रतिशतले बढेको छ।

सुपर मादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै आठ दशमलव ०८ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने भगवती हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव ६४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै बुटवल पावर कम्पनी लिमिटेडको रु ५२ करोड ३२ लाख ६३ हजार ६३ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फन्डको १२ लाख २१ हजार ६०० कित्ता शेयर खरिदबिक्री भएको छ।

## ब्रह्माणवादमा हुर्किएको

# महिलाको हत्यारा छाउपडी



झपेन्द्र जिसी

*यो छाउपडी शब्द र कुसंस्कारको व्युत्पत्ति त्यसै भएको होइन। यसको सम्बन्धमा हिन्दू धार्मिक ग्रन्थसँग सम्बन्धित छ। यद्यपि त्यहाँ छाउपडी शब्द त छैन, तर रज हुँदा महिलाले परिपालन गर्नुपर्ने कडा नियमहरु उल्लेखित छन्।*



रजवती हुनु किशोरी र करिब ५० वर्ष सेरोफेरोका महिलाको शारीरिक स्वस्थता र क्षमताको कुरा हो। सन्तान उत्पादनको क्षमता छ भन्ने पूर्व लक्षण हो। यो महिलाको प्रजनन् अधिकारको ग्यारेन्टी पनि हो।

पुरुषहरु रज हुँदैन। पुरुषका वा किशोरका ओंठमा जुंगा आउनु, पहिलेभन्दा बोलीको स्वर धोन्द्रो हुनु अर्थात् स्वर परिवर्तन हुनु किशोरको लक्षण हो।

किशोर किशोरीमा यस्ता संकेतहरु देखा पर्नु शुभ संकेत हो, भविष्यको सौन्दर्य हो, जुन स्वागतयोग्य छ। स्वागत गर्नु हामी सबैको धर्म/कर्तव्य हो। रज पवित्रताको प्रतीक हो।

तर अत्यन्त पुराना विचारले निर्देशन गरेको समा(जमा वा इण्डियन चलन चल्तीले निर्देशित गरेको नेपाली समाजका किशोरी एवम् महिलाका लागि रजवती हुनु घातक सावित भएको छ।

इण्डियन चलन चल्ती भन्नुको अर्थ हिन्दू संस्कार नै हो। यसले काल्पनिक अनेक नाटीकुटी र चलनले नेपाली महिला जगतलाई गर्नुसम्म दमन गरेको छ। यसो भन्दा यो कलमकारलाई धर्म विरोधीको लाहा छाप लाग्न पनि सक्छ। नास्तिक र क्रिश्चियन भन्ने आरोप पनि लाग्न सक्छ। साँचो कुरा यही नै हो।

स्मरणीय छ कञ्चनपुरकी कल्पना दमिनी छाउगोठमा सुत्दा विषालु सर्पले टोकेर ठहरै पारेको उदाहरण ताजै छ। मिडियाले भन्दैछन्- जागरुक नरनारीले छाउगोठ भत्काउँदैछन् रे! यो सुनेर जागरुक र रुढीवादी विचार प्रवृत्तिका विरुद्ध बोल्न र लड्न तम्सिने तपाईंमा पनि आक्रोश र जोश चढ्न सक्छ। यद्यपि सुदूर पश्चिम र कर्णालीमा जस्तो छाउपडी जस्ता घातक कुप्रथा तपाईंको लुम्बिनी प्रदेशदेखि पूर्वीतिर प्रदेशमा प्रत्यक्ष रुपमा छैन। तर धार्मिक रुपमा र संस्कारगत रुपमा दिमागको कुनामा कही न कही छ। यो कुप्रथाले आतंक मच्च्याएको छ। मेट्न गाह्रो छ।

तर अधिकांश जनजातिमा छाउपडी कम छ। उनीहरु नुहाइधुवाइ र सरसफाइ गरेर भात भान्छा तयार गर्ने जस्ता सबै काम गर्छन्।

छाउपडीले कल्पना दमिनी नानीको हत्या गरेको थाहा पाएर कञ्चनपुर नगरपालिकाले छाउगोठ भत्काउन आदेश दियो रे। यो राम्रो पक्ष हो। मानव हितकारी कदम हो। यसलाई प्रगतिशील कदम पनि मान्नु पर्छ।

यतिले पुग्दैन। ठ्याक्कै पुग्दैन हुँदैन। छाउपडी हट्नुपर्छ, उन्मूलन गर्नुपर्छ भनेर विगतमा श्री ५ को सरकार र विभिन्न एजेन्सी, एनजीओ, आइ. एनजीले ठूलो धनराशी खर्च गरेका हुन्। एक्सन एण्ड इन्टरनेशनल र एक्सन एड नेपाल जस्ता संघ संस्थाले त डलर पौण्ड र युरो बिच्छ्याएकै हुन्। गोष्ठी र सेमिनार त कति भए भए। छाउपडीका गोठहरु भत्काएका हुन्। ढुंगामाटोले बनाइएका छाउपडी गोठ त घनले हिर्काएर भत्काउन सकिदोरहेछ र भत्काइए पनि। तर भत्काएर के भो र पुनर्निर्माण गरिए। यस्तो किन भयो त? यसको कारण हो- दिमागी रुपमा अंकित छाउपडी गोठ र संस्कार भत्काइएन।

संयोग कुरा आजभन्दा करिब २५ वर्ष पहिला यो पंक्तिकारलाई पनि नेपालगञ्जमा आयोजित कार्यशालामा सहभागी हुने र कार्यपत्र प्रस्तुत गर्ने अवसर जुरेको स्मरण हुन्छ।

त्यस कार्यशाला गोष्ठीमा एक जना कार्यपत्र प्रस्तोता एवम् सामाजिक अभियन्ता सगौरवले भन्नुभयो- हामीले पुराना थोत्रा छाउगोठ भत्काएर नयाँ राम्रा छाउगोठ निर्माण गरेका छौं।

मलाई अलिअलि कन्सिरी तात्यो र रिस पनि उठ्यो। मैले तत्क्षण भनिदिएँ-कुमारी नानीहरु महिलाहरु रजोवती (छाउ) हुँदा अथवा महिलाहरु रज (मिन्स) भएको अवस्थामा तपाईं सामाजिक अभियन्ता पुरुषहरु त्यस्ता छाउगोठमा गएर बस्ने सुत्ने गर्नुस् आमा, दिदीबहिनी, छोरीहरुलाई घरमा नै सुरक्षित ढंगले बस्न, खान र सुत्न दिनुस् भनें। आफूलाई नम्बरी सामाजिक अभियन्ता ठान्नेहरु एकले अर्कोको आँखामा हेरेर तैंचुप मै चुप भएको सम्भन्छु।

नम्बर एक छाउपडी शब्द नै घातक र महिला विरोधी छ। खश भाषामा छाउपडी भनेकै रज भएपछि छेउ लाग्नु, आफ्नो घरदेखि धेरै पर गएर बस्नु पर्ने र घर परिवारले आफ्नो फुर्सद र इच्छाअनुसार जुन समयमा जे खाने कुरा लगेर दिन्छन्, खाने र त्यसै ठाउँमा एक्लै सुत्नुपर्ने अवस्था हो। वास्तवमा त रज भएको बेला पौष्टिक आहारको जरुरी पर्छ।

यो छाउपडी शब्द र कुसंस्कारको व्युँत्पत्ति त्यसै भएको होइन। यसको सम्बन्धमा हिन्दू धार्मिक ग्रन्थसँग सम्बा(न्धत छ। यद्यपि त्यहाँ छाउपडी शब्द त छैन, तर रज हुँदा महिलाले परिपालन गर्नुपर्ने कडा नियमहरु उल्लेखित छन्।

पुरोहित पण्डितबाहरुले श्रीमद् भागवत गीता, देवी भागवत, हरिकालिका ब्रत कथा हात लम्बारी लम्बारी बडो रोचक ढंगले बाचन गर्नु हुन्छ। धेरै ग्रन्थको कुरा नगरौं तिज पर्व संस्कृति नारी समुदायको महान् पर्व हो। यसमा कुनै विमति छैन। चेलीबेटी माइतीको निमन्त्रणामा माइत आउने मीठो चोखो खाने, आफ्ना पुराना दमाली दौंतरी संगी साथीहरु आमा, हजुरआमा, फूपू र दिदी बहिनीहरु जम्मा भएर आफैं आफैंले ताली/थपडी/बाजा बजाएर गीत गाउने र ढलक ढलक नाच्ने गर्दछन्। माइततर्फका पुरुषहरु दर्शकका रुपमा उपस्थित भएर थपडी बजाउने गर्दछन्। सबैलाई रंगमाथि रंग हुन्छ। हुनसम्म रमाइलो हुन्छ। यसको गौरव र महत्व आफ्नै ठाउँमा छ।

तर हरितालिका ब्रत कथा र ऋषि पञ्चमी पुजन वि(धलाई पनि तिज संस्कृतिमा ल्याएर जोडिएका छन्, किन जोड्यो? कसले जोड्यो थाहा छैन। यसलाई ऋषि पञ्चमी पनि भन्दछन्।

यहाँ कथामा लेखिएको छ-'सत्ययुगमा गुरु बृहस्पतिको सल्लाह बमोजिम युद्ध गर्दा स्वर्गका राजा इन्द्रले स्वर्ग, मत्य (पृथ्वी) र पातल समेतमा विजय हासिल गरेको खुशियालीमा इन्द्रले राजसूय महायज्ञको आयोजना गरे छन्। यथा समयमा पाहुनाहरु सबै आए छन्।

गुरु बृहस्पति पनि आउनु भएछ। तर गुरु आउँदा विजयको उन्माद र हर्षले फुलेर गजधम्म बसेका इन्द्रले गुरुलाई स्वागत खातिर पनि गरेन छन्।

गुरुलाई लागेछ यो इन्द्र त घमण्डले फुलेछ, त्यहाँबाट आफू अपमानित भएको ठानी गुरु हिंडेछन्। महायज्ञको तयारी पूरा भइसकेको बेला गुरु गायब भएको देखि इन्द्रले गुरुको खोज खबर गर्न चारै चौरास पठाइएका मानिस पनि निराश भई फर्केछन्। लौ बर्बाद भयो, व्यास गुरु विना अब कसरी यज्ञ गर्ने भन्ने चिन्ताले सताएछ!

त्यसपछि ब्रह्मा बाबासित सल्लाह गर्दा उनको सल्लाह बमोजिम विश्वरुपमा पण्डित र दितीको छोरा पण्डित त्वष्टा ऋषिलाई व्यास बनाई राजसूय महायज्ञ श्रीगणेश भएछ। गुरु त्वष्टाले स्वाहा स्वाहा भन्दै जाँदा इन्द्रमा शंका लागेछ। हामी अदितीका सन्तान आदित्य हौं। पण्डित त्वष्टा त दितीको सन्तान दैत्य हो। कतै स्वाहा स्वाहा भन्दै जाँदा आदित्य कुलकै स्वाहा होस् भन्ने शंकाले इन्द्रलाई सताउन थाल्यो। शंकाले लंका पिटिरहेको बेला शंकालु मुडमा रहेका इन्द्रले आदित्य कुलको स्वाहा होस् भनी स्वाहा स्वाहा भनेको भिउसना भएछ।

इन्द्र महाराज खुब रिसाएर विश्वरुप पण्डितलाई तरबारले छ्याप्पै काटेछन्।

विरुवरुप पण्डितको हत्या गरेपछि ब्राह्मण काटेकोमा एक वर्षभन्दा बढी दिनको भोक न रातको निद भएर इन्द्र दुब्लाएर मर्ने अवस्थामा पुगेछन्।

अब के गर्ने त भनी चिन्तन मनन गर्दा केही उपाय ब्रह्म बाबाले निकाल्छन् भनी ब्रह्मबाबाकै शरण परे। इन्द्र के को पीर छ? के को चिन्ता हो। मैले त यस्ता पापलाई तुरुन्तै चट पारिदिन्छु।

ल हेर मैले ब्रह्म हत्या पाप (अपराध)लाई चार भागमा बाँडे। यसोभएपछि अब उपरान्त स्त्री जातिले मासिक त्रि(त्या हुँदा छोइछिटो गऱ्यो भने उनीहरुलाई बम्रहत्या पाप लाग्ने छ। बम्रहत्या पाप लागेपछि अकालमै आफ्नो मृत्यु हुने, छोराछोरी पनि अल्पआयुका हुने र आफूले चौरासी हजार जुनीसम्म कुकुर्नी, सुँगुर्नी ढोडेकिरा निम्न कोटीका जीवाणु हुनु पर्ने, त्यसैले मासिक क्रिया हुँदा कडा नियमको पालना गरी छोइछिटो नगर्ने भन्ने कथा छ र बम्राजीको आदेश भनि लेखिएको छ। एक भाग आगोमा हालिदिए स्वाहा! एक भाग पानीमा हालिदिए स्वाहा! एक भाग बोटबिरुवा केही पनि नउम्रिने मरुभूमिमा हालिदिए स्वाहा! अनि अन्तिम एक भाग स्त्रीको रज (रगतमा) हालिदिएँ- स्वाहा! अब तिमी ब्रह्महत्या पापमुक्त भयौ!

चट! चट!! चट!!!

कस्तो मज्जा?

प्रिय जान्ने बुझ्ने मित्रहरु। अब म के भन्! घातक छाउपडी प्रथाको धार्मिक वृतान्त यही हो?

ब्रह्माले एक/एक भाग पाप (अपराध) नदीमा, अग्नि(मा, मरुभूमिमा हाले स्वाहा भन्दै अन्त्यमा महिला जगतलाई ठिंगुरी हाल्ने चालबाजी मात्र गरेको यो कथाले बताउँछ।

यो त ब्रह्माको हवाला दिँदै कुमारीहरु र महिलाहरुलाई दमन गरिरहने धार्मिक चाल हो।

भन्न त भनिएका छन् धार्मिक ग्रन्थ, तर यसो उसो गऱ्यो महिलालाई नियन्त्रित गर्ने, दमन गर्ने, उठ्नै नदिने गरी बाँधिएको छ। एउटा दृष्टान्त यही छाउपडी हो। यो हिन्दु समाजमा मात्र छ। कल्पना नानीलाई सर्पले खाएको होइन, अन्धविश्वास रुपी धार्मिक सर्पले खाएको हो।

यो लेखकलाई धेरै कुरा बोल्न र लेख्न कर नगर्नुस्, यस खाले ग्रन्थ र विचारलाई बहिष्कार गर्ने कि शिरोपर गरिरहने यो तपाईंको विचारको कुरा हो।

छाउपडी गोठ भत्काएर हुन्छ र? दिमागमा निर्माण भएको छाउपडी गोठ भत्कनु पर्छ।

फेरि पनि पुरोहितबा यसो त्यसो भन्दै छाउपडी गोठ बनाऔं भन्दै आउने छन् होस् गरौं।

## थकान कम गर्न तथा राम्रोसँग सुत्न अपनाउनुपर्ने ५ उपाय

**१. आइरनको स्तर जाँच गर्नुहोस्**

शरीरमा आइरनको कमीलाई थकान र अनिद्राको कारण मानिन्छ। विशेष गरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू, र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ।

- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सीयुक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ।
- यदि तपाईंले लामोसमयदेखि थकानको महसुस गरिरहनुभएको छ भने भने, फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस्।

**२. स्वस्थ आहार ग्रहण गर्नुहोस्**

अध्ययनहरूले देखाएको छ कि फलफूल र तरकारी बढी खाने व्यक्तिहरूको निद्रा राम्रो हुन्छ, जबकि फास्ट फुड र चिनी धेरै भएको पेय पदार्थहरू सेवन गर्नेहरूको निद्रामा समस्या हुन्छ।

- मेडिटेरेनियन डाइट (फलफूल, तरकारी, गेडागुडी, नट्स, साबुत अन्न, कम फ्याट भएका दुग्धजन्य पदार्थ) अपनाउनु लाभदायक हुनसक्छ।
- हरियो सागसब्जीमा पाइने भिटामिन ए, सी, तथा आइरनजस्ता खनिजहरूले निद्रामा सुधार ल्याउँछ।

**३. नियमित रूपमा व्यायाम गर्नुहोस्**

- दैनिक हल्का व्यायाम, जस्तै हिंड्नु, योग गर्नु, वा कार्डियो एक्सरसाइज गर्नु, निद्रा राम्रो बनाउन मद्दत गर्छ।
- हप्तामा कम्तीमा तीन दिन व्यायाम गर्नु बढी प्रभावकारी देखिएको छ।
- राति सुत्नुभन्दा दुई घण्टा अघि हल्का व्यायाम गर्दा निद्रामा असर पर्दैन।

**४. मदिरा र धूम्रपान त्याग्नुहोस्**

- धुम्रपान अनिद्रासँग जोडिएको छ, जसले हल्का निद्रा र थकानको समस्या निम्त्याउन सक्छ।
- मदिराले सुरुवातमा निद्रा ल्याए पनि, रातभर राम्रो निद्रा आउँदैन र निद्रा चक्र बिगार्छ।

**५. नियमित रूपमा बिहानको खाजा खानुहोस्**

- बिहानको खाजा नियमित खाने गर्नाले शारीरिक र मानसिक ऊर्जा बढ्छ।
- नियमित रूपमा खाजा खानेहरू कम थकानको महसुस गर्छन्।
- एक निश्चित समयमा खानपान गर्दा शरीरको जैविक घडी (बडी क्लक) सन्तुलित रहन्छ।

स्वास्थ्य खबरबाट

### सिद्धबाबा सुरुङमार्गः

# भौतिक प्रगति ५७ प्रतिशत




पाल्पा । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सिद्धबाबा सुरुङमार्गको काम अहिले तीव्र गतिमा भइरहेको छ । सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङमार्गको 'ब्रेक थ्रु' भएपछि कामले गति लिएको हो ।

हालसम्म सुरुङमार्गको भौतिक प्रगति ५७ दशमलव ५१ प्रतिशत सकिएको छ भने वित्तीय प्रगति ५१ दशमलव एक प्रतिशत रहेको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयकी इञ्जिनियर सविता ज्ञवालीले जानकारी दिइन् ।

उनका अनुसार अहिले मुख्य टनेल भुइँ भागको एक हजार ८९ मिटर ढलान (इन्भर्ट) निर्माण सकिएको छ । दायाँबायाँ लेपन (लाइनिङ)को ८३४ मिटर काम सकिएको इन्जिनीयर ज्ञवालीले बताइन् । उनका अनुसार अहिले सुरुङमार्ग भित्र २९२ मिटरमा लाइनिङको काम भइरहेको छ ।

"सुरुङमार्गको तीन वटा बाइपासमध्ये पहिलो १५१ मिटर, दोस्रो १६१ मिटर र तेस्रो बाइपास १३० मिटर छ । पहिलो बाइपासमा इन्भर्टको काम १४५ मिटर र १२४ मिटर लाइनिङको काम सकिएको छ । सुरुङमार्गको तेस्रो बाइपासमा इन्भर्टको काम १२५ मिटर र लाइनिङको काम ३० मिटर भइसकेको छ ।"-उनले भनिन् ।

दुई लेनको मुख्य सुरुङमार्ग एक हजार ८९ मिटर लम्बाइको हुनेछ भने चौडाइ साढे १० मिटर र उचाइ करिब सात मिटर रहने छ । इन्भर्ट र लाइनिङको काम सकेपछि एक दुई महिनापछि लाइटिङ सञ्चार तथा सुरक्षा उपकरण जडानको काम सुरु गरिने आयोजना प्रमुख कृष्णराज अधिकारीले बताए ।

उनका अनुसार सुरुङमार्गको मुख्य टनेलमा अत्यावश्यक कामका सवारीसाधन ओहोरदोहोर गर्न मिल्ने अवस्था बनेको छ । सुरुङमार्ग कार्य प्रगतिका बारेमा जनप्रतिनिधि, सुरक्षा निकाय तथा विभिन्न सरोकार भएका पक्षबाट नियमित अनुगमन हुँदै आएको छ ।

सुरुङमार्गको कामलाई निर्धारित समयमा सम्पन्न गर्न/गराउन, जनप्रतिनिधिले गर्नुपर्ने आवश्यक सहयोगका अनुगमनमा आएको प्रतिनिधिसभाका सांसद ठाकुरप्रसाद गैरेले बताए ।

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना कार्यालयले जनाएको छ ।

सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्रअन्तर्गत पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको इञ्जिनीयर ज्ञवालीले बताइन् । उनका अनुसार यस सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बागलुङतथाम्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् ।

### अनेरास्ववियु

# कपिलवस्तुको अध्यक्षमा मरासिनी



बुटवल । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) कपिलवस्तु जिल्लाको २५औं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट पारस मरासिनीको नेतृत्वमा नयाँ जिल्ला समिति सर्वसम्मत रूपमा चयन गरिएको छ ।

कार्यक्रमको अध्यक्षता अनेरास्ववियु कपिलवस्तु जिल्ला कमिटीका अध्यक्ष निशान खड्काले गरेका थिए । प्रमुख अतिथि अनेरास्ववियु लुम्बिनी प्रदेश कमिटीका संयोजक रमेश ढकाल रहेका थिए भने प्रमुख वक्ताको रूपमा नेकपा (एमाले) कपिलवस्तु जिल्ला कमिटी अध्यक्ष बाबुराम खनालले विद्यार्थी आन्दोलनको ऐतिहासिक सन्दर्भ र संगठनको भूमिका बारे मन्तव्य राखेका थिए ।

कार्यक्रममा अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य विष्णु घिमिरे, नेकपा (एमाले) जिल्ला सदस्य तथा विद्यार्थी विभाग इञ्चार्ज सुन्दर पाण्डे, लुम्बिनी प्रदेश कमिटीका सह-संयोजक अन्जित खनालगायत नेताहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम सञ्चालन अनेरास्ववियु कपिलवस्तुका जिल्ला सचिव पारस मरासिनीले गरेका थिए भने स्वागत मन्तव्य उपाध्यक्ष प्रकाश न्यौपानेले राखेका थिए ।

त्यसैगरी औपचारिक सत्रपश्चात् सम्पन्न बन्द सत्रबाट २५ सदस्यीय नयाँ जिल्ला समिति सर्वसम्मत रूपमा चयन गरिएको हो ।

जसअनुसार पारस मरासिनी जिल्ला अध्यक्षमा चयन भएका हुन् ।

त्यस्तै, उपाध्यक्षमा प्रकाश न्यौपाने, पशुपति गिरि र आश्विन केसी चयन भएका छन् । सचिवमा शेषकान्त मरासिनी रहेका छन् भने सह-सचिवमा सीता अधिकारी, शिवलाल ठाकुर र अभिषेक यादव चयन भएका छन् । कोषाध्यक्षको जिम्मेवारी मधुसुदन भुषाललाई दिइएको छ ।

नवगठित नेतृत्वले विद्यार्थी अधिकार सुनिश्चित गर्ने, शैक्षिक क्षेत्रमा सुधार ल्याउने र संगठन विस्तारमा सक्रिय रहने प्रतिबद्धता जनाएको छ ।

# हवाई उद्धारले दूर दराजका गर्भवतीको जीवनरक्षा

ढोरपाटन । गत शनिबार बागलुङको बुर्तिबाङबाट एकैदिन दुई गर्भवतीलाई हवाई उद्धार गरी काठमाडौँ पुर्‍याइयो । सुत्केरी हुनका लागि प्रादेशिक अस्पतालमा बुर्तिबाङ आएकी ढोरपाटन नगरपालिका-८ की २३ वर्षीया देवी सुनारको अवस्था नाजुक थियो । ढोरपाटन उपत्यकामा बस्दै आएकी देवीलाई सुत्केरी व्यथा लागेपछि असार २७ गते बर्थिङ सेन्टरमा पुर्‍याइयो ।

बर्थिङ सेन्टरमा पुग्दा अवस्था जटिल बनेपछि स्वास्थ्यकर्मीले प्रादेशिक अस्पताल बुर्तिबाङमा प्रेषण सेवा (रेफर) गरेका थिए । अघिल्लो दिन ढोरपाटनबाट रेफर भएकी देवी २८ गते बिहानमात्रै बुर्तिबाङ अस्पतालमा आइन् । अस्पतालका चिकित्सक अविनाश पोखरेलले हतारहतार उनको स्वास्थ्य परीक्षण गरे । स्वास्थ्य परीक्षण गर्दा थाहा भयो की देवीको पेटमा बच्चा खेल्ने पानी सुकेको थियो । यस्तो अवस्थामा आमा र बच्चाको जोखिम हुनेहुँदा तत्काल विकलाई सुविधा सम्पन्न अस्पताल पठाउने निर्णय गरिएको डा. पोखरेलले बताए ।

स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशसहित अन्य निकायमा हेलिमार्फत् उद्धारको प्रयास गरिरँदा ढोरपाटन नगरपालिका-५ की ३८ वर्षीया हुमी विक अस्पताल पुगिन् । पेट दुखेर उपचारका लागि अस्पताल आएको बताउँदै उनले स्वास्थ्य परीक्षणपछि आफू गर्भवती छु भन्ने थाहा भएको उल्लेख गरिन् ।

डा.पोखरेलसहितको विकको स्वास्थ्य परीक्षण गरेसँगै शङ्कास्पद रिपोर्ट आएपछि उनको पिसाब परीक्षण गरियो । "उहाँको डेढ महिनाको बच्चा पाठेघरमा नभएर डिम्बबाहिनी नलीमा थियो । बच्चा पाठेघरभन्दा बाहिर बस्दा डिम्बबाहिनी नली फुटेको थियो । यस्तो अवस्थामा हुमीकोसमेत शल्यक्रिया गर्नुपर्ने हुँदा चिकित्सकले दुवै जनालाई हेलिमार्फत् काठमाडौँस्थित पाटन अस्पतालमा पठाएको हो ।"-उनले भने ।

बुर्तिबाङ अस्पतालमा यस्तै प्रकृतिका समस्या भएका महिला समयसमयमा आइराख्ने अस्पतालकी नर्सिङ निरीक्षक पार्वती अर्यालले बताइन् । देवी र हुमी दुवै जनाको बुर्तिबाङ अस्पतालमा शल्यक्रिया जटिल हुनेहुँदा हेलिमार्फत् काठमाडौँ पठाइएको उनले जानकारी दिइन् ।

"अस्पतालमा खासगरी दूरदराजका बिरामी उपचार गर्न आउने गर्छन् । गाउँमा सामान्य क्लिनिकमा उपचार गर्दा निको नभएपछि बल्ल बजार झर्ने गर्छन् । अधिकांश गर्भवती गाउँमा बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेर अटिल अवस्थामा पुगेपछि मात्रै आउने गरेका छन् ।"-उनले भनिन् ।

उनले भनिन्-"यस वर्ष पनि धेरै गर्भवतीलाई हेलिकप्टरमार्फत् पोखरा र काठमाडौँ पठाएका छौँ, कतिपयको यहाँ पनि शल्यक्रिया गरेर बच्चा निकाल्ने गरेका छौँ, यहाँ बढी उपकरण नहुँदा अली जटिल भएकालाई सुविधायुक्त अस्पतालमा पठाउने गरेका हौँ, यस क्षेत्रमा अझै पनि महिला घरमै सुत्केरी हुन्छन्, यहाँबाट पठाइएको दुई जनाको शल्यक्रिया सफल भएको छ, अहिले उहाँहरूको स्वास्थ्य सामान्य रहेको जानकारी पाएका छौँ ।"

बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई चालु आर्थिक वर्षदेखि प्रादेशिक अस्पतालका रूपमा स्तरोन्नति गरी सेवा दिन थालिए पनि अहिलेसम्म त्योअनुसारको सुविधा दिन सुरु भएको छैन । सोही कारणले यहाँबाट जटिल किसिमका गर्भवतीलाई हेलिमार्फत् पोखरा काठमाडौँ पुर्‍याउनुपर्ने बाध्यता छ । बुर्तिबाङबाट मात्रै होइन सिङ्गो गण्डकी प्रदेशका विकट जिल्लाबाट गर्भवतीलाई हेलिकप्टरमार्फत् उद्धार गरिँदै आइएको उनको भनाइ छ ।

"प्रदेशस्थित स्वास्थ्य मन्त्रालयका अनुसार चालु आवको एक वर्षमा ६५ जना गर्भवतीको हेलिकप्टरमार्फत् उद्धार गरिएको छ । दूरदराजका गर्भवती बढी छन् । त्यसमध्ये बागलुङ जिल्लाबाट सबैभन्दा बढी गर्भवतीको उद्धार गरिएको छ । यस वर्ष बागलुङबाट मात्रै ३० जना गर्भवतीको हेलिकप्टरमार्फत् उद्धार गरिएको हो ।"- पोखरेलले भने ।

सबैभन्दा कम मनाङ र पर्वतबाट उद्धार भएको स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका मेडिकल रेकर्ड निरीक्षक बुद्धिसागर अधिकारीले जानकारी दिए । उक्त दुई जिल्लामा दुई/दुई जना गर्भवतीको उद्धार भएको उनको भनाइ छ । अधिकारीका अनुसार म्याग्दीबाट १७, मुस्ताङबाट छ, गोरखाबाट चार र लमजुङबाट चार जनाको उद्धार गरिएको छ । कास्की, नवलपुर, स्याङ्जा र तनहुँ जिल्लाबाट एक जनाको पनिउद्धार गर्न नपरेको अधिकारीले बताए ।

"यस वर्ष गण्डकी उद्धार गरेका अधिकांश गर्भवती दुर्गम ठाउँका छन्, अशिक्षा, गरिबी र चेतनाको अभावले गर्दा दुर्गम गाउँठाउँका महिलाले नियमित गर्भ परीक्षण नगर्दा एकैपटक सुत्केरी हुनेबेला जटिल समस्या देखिन्छ, त्यसपछि उद्धार गरेर सुविधायुक्त अस्पतालमा पठाउनुपर्ने हुन्छ", अधिकारीले भने-"बर्थिङ सेन्टर व्यवस्थित गर्ने र सचेतनासम्बन्धी कार्यक्रम गरेर यो अवस्थालाई कम गर्न सकिन्छ, सुगम मानिएका जिल्लामा एक जनाको पनि उद्धार गर्नुपरेको छैन ।"

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण पाठकले नागरिकको जीवनरक्षा गर्ने जिम्मेवारी सकारको भएकले जटिल अवस्थाका गर्भवतीको हेलिकप्टरमार्फत् उद्धार गर्दै आइएको बताए । गण्डकी प्रदेशमा धेरै विकट ठाउँ रहेकाले ती सबै ठाउँमा विशिष्टिकृत सुविधा दिने अस्पताल नहुँदा जटिल अवस्थाका गर्भवतीलाई हेलिमार्फत उद्धार गर्नुपरेको उनको भनाइ छ । गण्डकी प्रदेश र सङ्घीय सरकारले नीति तथा कार्यक्रममै हेल उद्धारलाई समावेश गरेको उनले जनाए ।

मन्त्री पाठकले भने-"सबै बिरामीको हेलिकप्टरमा उद्धार हुँदैन, जो सुत्केरी हुन नसकेर ज्यान जोखिममा परेका हुन्छ त्यस्ता महिलालाई यो सुविधा दिनुपर्छ, नागरिकको जीवन बचाउने जिम्मा सरकारको हो, सबै ठाउँमा सुविधा सम्पन्न अस्पताल हुँदैन, एकैछिन उद्धार भएन भने अप्रिय घटना हुनसक्छ, कसैको ज्यानै नरहन सक्छ, त्यसले गर्दा सरकारले हेलिकप्टरमार्फत उद्धार गर्ने नीति ल्याएको हो ।"


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Rukum (East)

## Invitation for Bids

Date of publication: 16th July, 2025

1. Province Government Lumbini Province has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of projects under National Competitive Bidding (NCB) - Single Stage Two Envelope Bidding procedures.
2. Road Infrastructure Development Office, Rukum (east) invites only electronic bids from eligible bidders for the construction of the projects mentioned in table below:

**Details of the contracts:-**

| S.N. | Name of Works | Contract ID | Bid Security amount | Bid document fee | AACT of best 3 yrs. Within last 10 yrs. |
|---|---|---|---|---|---|
| 1. | Construction of Domai Khola Motorable Bridge, Rukum East | RIDO/RUK/W/MB/NCB/01/ 081-82 | 15,00,000 | 5,000 | 5,66,78,000 |
| 2. | Construction of Lakhar Khola(Bhangeri) Motorable Bridge, Rukum East | RIDO/RUK/W/MB/NCB/02/081-82 | 9,10,000 | 5,000 | 5,47,00,000 |
| 3 | Fabrication, Supply, Transportation, Construction and Erection of Palay Bhurtiwang Suspended Trail Bridge, Rukum East | RIDO/RUK/W/TB/NCB/43/081-82 | 8,10,000 | 5,000 | 4,30,00,000 |
| 4 | Fabrication, Supply, Transportation, Construction and Erection of Damchan Ghumliwang Suspended Trail Bridge , Rukum East | RIDO/RUK/W/TB/ NCB/44/081-82 | 7,30,000 | 5,000 | 3,90,00,000 |

3.Pre-bid meeting shall be held at Road Infrastructure Development Office, Rukum East at 11:00 hrs. of 7th August, 2025)
4.Electronic bids must be submitted to the office RIDO, Rukum East through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before12:00 hrs. of 17th August, 2025)
5.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs. of 17th August, 2025 at the office of RIDO, Rukum East. Bids must be valid for a period of 90 days from thebidsubmission deadlineand must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 15th December, 2025)
6.The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award.
7. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.



ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



निर्माणाधीन रावण पार्कः
म्याग्दीको बेनी नगरपालिका-५ पछैमा निर्माणको अन्तिम चरणमा पुगेको रावण पार्क र पार्कमा रहेको रावणको प्रतिमा। धार्मिक पर्यटन प्रवर्धनका लागि बेनी नगरपालिकाले हिन्दु धर्मग्रन्थ रामायणका पात्र रावणको जन्मथलो मानिने पछैमा रावणको २१ फिट अग्लो मूर्तीसहितको पार्क बनाइरहेको छ। तस्विर : सन्तोष गौतम / रासस

# त्रिवि प्राध्यापक संघ, बुटवल बहुमुखीको सभापतिमा डा. देवकोटा



बुटवल। त्रिवि प्राध्यापक संघ, बुटवल बहुमुखी क्याम्पस एकाईको सभापतिमा डा.चिरञ्जिवी देवकोटा चयन भएका छन्।

मंगलबार सम्पन्न अधिवेशनले डा. देवकोटाको नेतृत्वमा सर्वसम्मत रुपमा कार्यसमिति चयन गरेको हो।

समितिको उपसभापतिमा प्रेमप्रसाद पौडेल, सचिवमा होमनाथ चालिसे, सह-सचिवमा बलवन्त कुर्मी र कोषाध्यक्षमा डा.तारानाथ भट्टराई निर्विरोध निर्वाचित भएको निर्वाचन समिति संयोजक जीवनारायण अधिकारीले बताए।

यस्तै सदस्यमा सुभाषचन्द्र चौधरी, कुमारी लक्ष्मी शर्मा, कृष्णप्रसाद पाण्डे, राजेशचन्द्र पौडेल, प्रभा पौडेल र गणेश महतो चयन भएको निर्वाचन समितिका संयोजक अधिकारीले बताए।

नवनिर्वाचित सभापति डा. चिरञ्जिवी देवकोटाले बुटवल बहुमुखीको शैक्षिक विकासका लागि सक्रिय रुपमा लाग्ने प्रतिबद्धता व्यक्त गरे।

# प्रदेशमा काठ अभाव हुन नदिइनेः मन्त्री कलवार



**गौरीशंकर जयसवाल**
*परासी*

लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवार सन्तुले प्रदेशमा काठ अभाव हुन नदिइने बताएका छन्। उपभोक्तालाई काठ अभाव हुन नदिने वृक्षरोपण कार्यलाई प्रदेश सरकारले तिब्रता दिएको उनले बताए।

मंगलबार पश्चिम नवलपरासीको सुनवलमा मूलपानी सामुदायिक उपभोक्ता समूह सुनवलले आयोजना गरेको दुई दिने क्षमता विकास तथा उद्घोषण तालिमको उद्घाटन गर्दै वनमन्त्री कलवारले संघ सरकारले देशभर तीन करोड वृक्षरोपण गर्न संकल्पका साथ घोषण गरेको कार्यक्रम प्रदेश सरकारले पनि अपनत्वम गरेर आगाडि बढेको जनाए।

प्रदेश सरकारले वृक्षरोपणको लागि निःशुल्क बिरुवाहरु उपलब्ध गराउँदै आएको बताउँदै उनले वन क्षेत्रलाई पनि उत्पादनसँग जोडेर वन क्षेत्रको विकास गर्न जरुरी रहेको बताए। उनले सरकारले अब विदेशबाट आउने काठ रोकेर यहाँ भएका काठ बिक्री वितरण गर्ने खालको नीती ल्याउन लागेको उल्लेख गरे।

प्रदेशको वन क्षेत्रको विकासका लागि वनलाई कृषिसँग जोडेर कार्यक्रम अघि बढाइ आत्मा निर्भर बना(उनतर्फ लागेको मन्त्री कलवारको भनाइ थियो। सीप सिकेर व्यवहारमा उतार्न समेत सहभागीलाई अग्रह गर्दै कलवारले सीप भनेको उमेरले पनि नछेक्ने भएकोले सीपलाई व्यवहारमा परिर्वतन गर्न जरुरी रहेको बताए।

दुई दिनसम्म चल्ने तालिममा खेमराज रेग्मीले प्रशिक्षण दिने तथा तालिममा ६० जना महिलाहरुको सहभागिता रहेको मूलपानी सामुदायिक उपभोक्ता समूह सुनवलका अध्यक्ष यज्ञप्रसाद पाण्डे जानकारी दिए।

वनले वार्षिक कार्यक्रमअनुसार महिलाहरुलाई क्षमता विकास तथा उद्घोषण गर्न क्षमता विकास गर्न उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको मूलपानी सामुदायिक उपभोक्ता समूह सुनवलका उपाध्यक्ष प्रभुलाल मौर्यले जानकारी दिए।

कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद खड्ग बस्नेत, रामग्राम नगरपालिका वडा नं. ४ वडाध्यक्ष मदन यादव, महाकवि देवकोटा क्याम्पस रमावपुरका अध्यक्ष कृष्णप्रसाद लामिछाने, जनउदय सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष वीरबहादुर बिक, सामुदायिक वनकी सचिव सदीक्षा बराललगायतले आ-आफ्ना धारणा राखेका थिए।

# सर्पदंशका बिरामीलाई तत्काल उपचारको व्यवस्था गर्न माग

काठमाडौँ। राष्ट्रियसभाका सांसदहरुले 'मर्यादित महिनावारी' सम्बन्धी सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्न तथा गर्मीयाममा सर्पदंशका बिरामीलाई तत्काल उपचारको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

सभाको मंगलबारको बैठकमा सदस्यहरुले सभाबाट पारित यस सङ्कल्प प्रस्तावको कार्यान्वयनका लागि सभाका अध्यक्षमार्फत् सरकारको ध्यानाकर्षण गराएका हुन्। बैठकको शून्य समयमा सांसदहरु गङ्गाकुमारी, तुलसाकुमारी दाहाल, भगवती न्यौपाने र सुमित्रा बिसीले छाउगोठमा सर्पले डसेर महिलाको मृत्यु भएको भन्दै बालिका तथा महिलालाई सुरक्षित र मर्यादित महिन(ावारीका लागि आवश्यक कानुनी र संरचनागत सुधारका लागि आग्रह गरे।

महिनावरीको अवधिमा भोग्नुपर्ने बहिष्करण, हिंसा, विभेद तथा तीनका कारण उत्पन्न शारीरिक र मानसिक पीडा एवं असुरक्षा हुने गरेको छ। विभेदको अन्त्य, सामाजिक न्याय, मौलिक अधिकार र मानव अधिकारको रक्षा सुनिश्चित गर्न कानुनी तथा संरचनागत सुधारको आवश्यकता रहेको सो प्रस्तावमा उल्लेख छ।

शून्य समयमा सांसद इन्दिरादेवी गौतमले गर्मीयाममा सर्पदंशका बिरामीलाई तुरुन्त औषधि र उपचारका उपलब्ध गराउने व्यवस्था गर्न सभाअध्यक्षमार्फत् सरकारको ध्यानाकर्षण गराइन्। उनले वर्षायाममा डेङ्गी, झाडापखाला र टाइफाइडजस्ता सङक्रमण फैलन सक्नेतर्फ सचेत गराउँदै आपत्कालीन सेवा बजेट व्यवस्थापनको माग गरिन्।

सांसद मायाप्रसाद शर्माले मध्यपश्चिम विश्वविद्यालयको व्यवस्थापन पक्ष अस्तव्यवस्त भएको भन्दै विद्यार्थीमैत्री नीति र कर्मचारीको व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षाका उपलब्ध गराउनुपर्ने राय व्यक्त गरे।

शून्य समयमा सांसद राधेश्याम पासवानले सौर्य जहाज दुर्घटनाका पीडित परिवारले न्याय नपाएको गुनासो गरिरहेका उल्लेख गर्दै यसबारे सम्बन्धित मन्त्रालयसँग जवाफ माग गरे।

# आहा ! ढोरपाटन



ढोरपाटन। यतिबेला ढोरपाटन उपत्यकामा ढकमक्क फूलेका वनफूलले ढाकिएको छ। राता, पहेँला, बैजनी, गुलावी रङ्गमा फूलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ। एक दशक अगाडिसम्म ढोरपाटन घुम्न पुग्ने पर्यटक निकै कम थिए। जनैपूर्णिमामा ढोरबहार मन्दिरमा पूजा गर्न आउने भक्तजनबाहेक अन्य पर्यटक कमै पुग्थे। दर्शनका लागि पुगेको भक्तजनलाई फाँटैभरी फूलेको वनफूलले छुनै सकेको थिएन।

तर पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक रङ्गीचङ्गी वनफूलसँग पिरती नगाँसी फर्किनन्। खासगरी बर्खाको समयमा ढोरपाटन बढी रमणीय देखिन्छ। अझ पाटनभरी फूलेका वनफूलले यहाँको सुन्दरतालाई बढाएको छ। सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रचारले वनफूलसँग तस्विर र भिडियो खिच्न आउने पर्यटक बढी रहेका छन्। यो याममा दैनिक दुई सय बढी पर्यटक वनफूलसँग रमाउन ढोरपाटन उपत्यकामा पुग्ने गरेका छन्।

स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटा सिकार आरक्षले नाकेफूली, बुकीफूल, मदाने फूललगायतको नाम दिएको छ। फूलसँग रमाउने पर्यटकले ढोरपाटन उपत्यकाका फाँटमा चहलपहल बढेको छ। देशका ठूला शहरबाट बढी पर्यटक रमाउन आउने गरेका छन्। फूलसँग रमाउन आउने पर्यटकको संख्या बढेपछि ढोरपाटन उपत्यकामा सञ्चालित होटल व्यवसायसमेत फस्टाउन थालेका छन्। पहिले ढोरपाटन आउने पर्यटकले खास्सै चासो नदिए पनि हरेक पर्यटकको ध्यान पाटनभरी फूलेका फूलले खिच्ने गरेको होटल व्यवसायी धीरेन्द्र घर्ती मगरले बताए।

पछिल्लो समय ढोरपाटनमा घुम्न आउने पर्यटकको संख्या अत्यधिक बढेको भन्दै फूलसँग रमाउने बढी भएको उनको भनाइ छ।

पहिले खान बस्नका लागि सुविधा नहुँदा पर्यटक कम आउने गरेको स्मरण गर्दै अहिले धेरै होटल तथा घरबास (होम-स्टे) सञ्चालनमा आएपछि ढोरपाटन घुम्नेका लागि पहिलो रोजाइ परेको घर्ती मगर बताउँछन्। वनफूललाई पर्यटकले अत्यधिक रुचाएपछि त्यसको संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ।

उनले भने-"वनफूलको पहिले खास्सै महत्व थिएन, मान्छेहरु मन्दिरमा आएर पूजा गरेर जान्थे, तर अहिले पाटननै घुम्ने गरी आउँछन्, त्यसले गर्दा उनीहरुको रोजाइ वनफूल परेको छ, वनफूलले पछिल्लो समय हजारौँ पर्यटकलाई आकर्षित गरेको छ, यसको संरक्षण भने हुन सकेको छैन, स्थानीय, सिकार आरक्ष र सरकारले पनि संरक्षणमा ध्यान दिनुपर्छ, नत्र पछि यो फूल मासिन पनि सक्छ।"

वनफूल पाटनैभरी फूल्छ। फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी खुलेमा चर्ने गर्छन्। वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ। पछिल्लो समय पाटनमा जथ(ाभावी रुपमा सवारीसाधान चलाउँदा फूल मासिने जोखिम बढेको ढोरपाटन उपत्यका होटल व्यवसायी समितिका अध्यक्ष जीवन पुनले बताए। अघिल्लो वर्षको तुलनामा यो वर्ष कम फूल फूलेको उनको भनाइ छ।

पछिल्लो तीन वर्षमा बर्सेनि फूल कम फूलेको पुनले बताए। बर्खाको समयमा ढोरपाटन आउने अधिकांश पर्यटक फूलसँग रमाउने गरेको उनको भनाइ छ। बुर्तिबाङदेखि ढोरपाटनसम्मको करिब ३२ किलोमिटर सडक अप्ठ्यारो हुँदा पनि वनफूलसँग रम्न पर्यटक आउने अध्यक्ष पुनले सुनाए। वनफूल खासगरी असार पहिलो सातादेखि भदौ महिनासम्म पाटनमा रहने उनको भनाइ छ। वनफूल ढोरपाटनमा पर्यटक बढाउने माध्यम बनेको पुन बताउँछन्।

"वनफूलसँग रमाउन मान्छेको घुइँचोनै लाखेको देख्दा हामीहरु निकै चकित छौँ, किनकी यहाँ त धेरै वर्ष पहिले देखि बस्दै आएका छौँ, पहिले कोही पनि मान्छे फाँटमा पुगेर फूल टिप्ने गर्दैनथे, तर अहिले ढोरपाटन आउने हरेक मान्छेले फाँटको बिचमै गएर फूल टिपेर फोटो खिच्छन्," उनले भने-"फूलसँग रमाउन आउने पर्यटकका कारण ढोरपाटनको होटल व्यवसाय पनि चलायमान बनेको छ।"

ढोरपाटन आउने पर्यटकमध्ये दैनिक करिब ५० जना बुकीपाटनसमेत उक्लिने गरेका छन्। ढोरपाटन उपत्यकादेखि बुकीपाटन पुग्नका लागि करिब पाँच घण्टाको पैदलयात्रा गर्नुपर्छ। यति बेला समूहमा वनफूलसँग रमाउने आउने बढी छन्। बुटवलदेखि आएका आकाश गिरीले वनफूल र ढोरपाटनको सुन्दरताले मन फुरुङ्ग भएको बताए।

बुटवलमा अत्याधिक गर्मी रहेको हुँदा एक साताका लागि ढोरपाटन आएको उनको भनाइ छ। सामाजिक सञ्जालमा ढोरपाटन र वनफूलको भिडियो देखिपछि आफूहरु यहाँ आएको गिरीले सुनाए।

"आहा ! ढोरपाटन कत्ति सुन्दर रहेछ, पोहोर साल हाम्रो साथीहरु यहाँ आएर फोटो र भिडियो खिचेर लगेका थिए, त्यो देख्दा आउन मन लागेको थियो, यसपाली आउने मौका मिल्यो, यहाँ आएपछि त स्वर्गमै आए जस्तो भयो, बुर्तिबाङबाट आउने सडक अलि खराब रहेछ, फूलसँग रमाउन त निकै मज्जा आउँदो रहेछ, यस्तो राम्रो ठाउँमा विकास भने हुन सकेको रैनछ।"-उनले भने।

# बाँकेमा बस्ती जोगाउन आपतकालीन तटबन्ध



नेपालगञ्ज। नदी तटीय क्षेत्रका बस्ती जोगाउन बाँकेमा नयाँ प्रविधिको प्रयोग गरेर आपतकालीन तटबन्ध निर्माण गरिएको छ।

राप्ती नदीको बाढीबाट बस्ती जोगाउन "बेम्बो पाइलिङ र आरसीसी प्रकुपाइन" प्रविधिबाट आपतक(ालीन तटबन्ध निर्माण गरिएको हो। बेम्बोमा प्रकुपाइन जोडिएकाले ठूलो बढी आउँदा पनि त्यसले थेग्न सक्ने जनताको तटबन्ध कार्यक्रमका प्रमुख डा. नारायण सुवेदीले जानकारी दिए।

राप्ती नदी किनारामा रहेको खल्ला झगडिया क्षेत्र राप्ती नदी कटानको उच्च जोखिममा रहेको छ। नदी कटा(नबाट त्यस क्षेत्रका करिब ३० हजार नागरिक बाढीको उच्च जोखिममा रहेका स्थानीयले बताएका छन्। "अस्थायी तटबन्ध गरिएको छ।"-राप्तीसोनारी गाउँपालिका-७ का वडाध्यक्ष रामलखन थारुले भने। उनले बाढीबाट बस्ती जोगाउन प्रभावकारी काम भएको उल्लेख गरे।

राप्तीको बाढीका कारण जोखिममा रहेका राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिकाका गाउँ जोगाउन जनताको तटबन्ध कार्यक्रम लमही दाङमार्फत् तटबन्ध निर्माणको काम गरिएको हो। वर्षायाम सुरु भएसँगै राप्ती नदीले निम्त्याउने डुबान, कटान र सम्भावित जोखिम हुने स्थानको पहिचान गर्दै जनताको तटबन्ध कार्यक्रम आयोजनामार्फत् सो कार्य गरिएको हो। नदी तटीय क्षेत्रका बासिन्दा बाढीको पीडाले रातभर सुत्न नसक्ने अवस्थामा रहेकाले तत्कालका लागि बस्ती र जनधन जोगाउन अस्थायी रुपले नदीको चार मिटर गहिराइबाट तटबन्ध बनाउने काम गरिरहेको डा. सुवेदीले बताए।

राप्तीसोनारी-६ ढलैया, वडा नम्बर ७ को पिप्रहवा, खल्ला झगडिया, देवपुरवा, राप्ती नदी पूर्वको नरैनापुर-६ सोनवर्षा, गङ्गापुर डुडुवा गाउँपालिकाको पूर्वी भेगमा बाढीको जोखिम न्यूनीकरणका लागि आपतक(ालीन तटबन्धको काम गरिएको हो। खल्ला झगडिया क्षेत्रमा आगामी वर्ष मङ्सिरसम्म सक्नेगरी रु ६ करोड पाँच लाखको लागतमा करिब चार सय ५० मिटर लामो पक्की तटबन्ध गर्न लागिएको प्रमुख डा. सुवेदीले बताए।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com